आज मिति २०८१ साल माघ २२ गते मंगलबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०८१/०८२ को आठौं बैठक नगर प्रमुख श्री आनन्द राज त्रिपाठी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

<u>उपस्थिति:</u>

१. श्री आनन्द राज त्रिपाठी (नगर प्रमुख)
२. श्री उमा गोतामे (उप प्रमुख)
३. श्री गौतम भण्डारी - प्रमुख प्रशासकीय अधिकृत (सचिव)
४. श्री कान्छीमाया तामाङ (वडाध्यक्ष १ नं.वडा)
५. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)
६. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)
७. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)
८. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)
९. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)
१०. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा)
११. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)
१२. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)
१३. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)
१४. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)
१५. श्री वेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)
१६. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)
१७. श्री विन्दा रानाभाट (का.पा. सदस्य)
१८. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)
१९. श्री प्रविना थापा मगर (का.पा. सदस्य)
२०. श्री रविन भुजेल (का.पा. सदस्य)
२१. श्री राजु सुर्खाली (का.पा. सदस्य)
२२. श्री सावित्री सुनार (का.पा. सदस्य)
२३. श्री सकिना खातुन (का.पा. सदस्य)
२४. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)

<u>अन्य उपस्थिति:</u>

२५. श्री सुनिल पाण्डे (वरिष्ठ प्रशासकीय अधिकृत)
२६. श्री अमृता बस्नेत (वरिष्ठ प्रशासन सहायक)
२७. श्री अमित लामा (३ नं. वडा सदस्य)
२८. श्री विपिन श्रेष्ठ (कृषि [illegible])

भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/१०/२२ गते बसेको आ.व.२०८१/०८२ को आठौं बैठकका निर्णयहरु:

निर्णय नं.१ भानु नगरकार्यपालिकाको मिति २०८१/०९/२६ गते बसेको आ.व. २०८१/०८२ को सातौं कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा ६ वटा निर्णयहरु भएकोमा ४ वटा निर्णय कार्यान्वयन भएको र निर्णय नं. ४ र ६ मात्र कार्यान्वयनको चरणमा रहेको पाइयो ।

निर्णय नं.२ आ.व.२०८१/०८२ को योजना/कार्यक्रमको हाल सम्मको प्रगतिका सम्बन्धमा बृहत छलफल गरी सम्पूर्ण योजना तथा कार्यक्रमहरु २०८१ वैशाख मसान्त सम्ममा सम्पन्न गर्ने गरी कार्य गर्नका लागि भौतिक पूर्वाधार शाखा एवं योजना शाखालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.३ भानु नगरपालिका भित्र रहेका नदि खोला खोल्सीहरुको संरचना निर्माणको मापदण्ड तथा भवन निर्माणको आचारसंहिता मापदण्ड समेत समेटिने गरी नगरपालिकाको लागि आवश्यक पर्ने कार्यविधि निर्देशिका निर्माण गर्न विज्ञ सरोकारवाला सहितको छलफल तथा अध्ययन गरि प्रस्तावित कानूनी दस्तावेज सहितको प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.४ स्थानीय मदिराजन्य पेय पदार्थको व्यवस्थापन विषयमा हालसम्मको प्रगती प्रस्तुती एवं छलफल गरियो ।उक्त विषयका लागि गठित कार्यदल अन्य स्थानीय तहहरुमा भए गरिएका अनुभवन समेत अध्ययन गरि कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.५ तनहुँ जिल्ला अदालतको पत्रसंख्या ०८०/८१, च.नं. ३८४३, मिति २०८१/०९/२३ गतेको पत्रानुसार उक्त अदालतबाट विभिन्न मितिमा फैसला भई लगत कस्न पठाइएका मुद्दाहरुमा असुल हुन बाँकी रहेका कैद तथा जरिवाना लागेका व्यक्तिहरुको विवरण पठाइ स्थानीय तहमा सेवा लिन आउदाँ फैसला बमोजिम लागेका कैद तथा जरिवाना असुल उपर नहुँदा सम्म सेवा सुविधामा रोक लागाउन गरिएको परिपत्र गरेको हुदाँ कैद तथा जरिवाना लागेका व्यक्तिहरुको नाम नामेसिको विवरण सम्पूर्ण वडा कार्यालयमा पठाउने र सोही बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

निर्णय नं.६ भानु नगरपालिकाको खत्री खोला स्थित मोटर पूल वर्षेनी आउने बाढीका कारण हरेक वर्ष क्षतिग्रस्त हुने र नगरको उत्तरी भेगको आवागमनको पुर्ननिर्माणका लागि पूर्वाधार कार्यालय तनहुँ सँग समेत पटक पटक समन्वय भइ सकेको छ । मोटर पूल तत्काल निर्माण गरी आवागमन सहज, सरल रुपमा सूचारु गर्न तत्काल ठेक्का प्रक्रियाबाट गर्न समय अवधी लामो लाग्ने तथा वर्षायाम शुरु हुनु पूर्व नै निर्माण सम्पन्न गरि सक्नु पर्ने भएको कारण भानु नगरपालिका नगरकार्यपालिकाको यस अगाडिको निर्णयानुसार रु.३० लाख सम्मको योजना मात्र उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने निर्णय गरिएकोमा भानु नगरपालिका वडा नं.६ को खत्री खोलाको मोटर पुल निर्माणका हकमा स्थानीइ उपभोक्ता समिति गठन गरि सोही समितिबाट निर्माण गर्ने कार्यालयबाट भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.७ ससर्त तर्फको गरिबसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत सामाजिक परिचालकको पदमा दुई जना कर्मचारीको लागि सम्पूर्ण सेवा सुविधाहरु ससर्त तर्फबाट नै उपलब्ध हुने र भानु नगरपालिकामा लामो समयदेखि एक जना मात्र सामाजिक परिचालक कर्मचारी रहेको हुदाँ उक्त कार्यक्रम प्रभावकारी तवरले सम्पन्न गर्न कठिनाइ भएको हुदाँ रिक्त रहेको एक जना सामाजिक परिचालकको पदपुर्तिको लागि भानु नगरपालिकाको प्राविधिक जनशक्ति व्यवस्थापन कार्यविधि, २०७४ को व्यवस्था बमोजिम आवश्यक प्रक्रिया अगाडी बढाउन पदपुर्ति समितिलाई निर्देशन गर्ने निर्णय गरियो ।

गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

<u>निर्णय नं.८</u> मरस्याङ्दी नदि स्थित घाटहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको अवधी ३ वर्षको भएकोमा उक्त प्रतिवेदनमा उल्लेखित नदिजन्य पदार्थको परिमाण कार्यालयबाट खटिएको प्राविधिक टोलीबाट पेश भएको प्राविधिक प्रतिवेदनका आधारमा नै देहायको परिमाणको नदिजन्य पदार्थहरु उत्खनन गरि बिक्रि गर्न मरस्याङ्दी नदिका तपसिल बमोजिमका घाटहरुमा पहिलो र दोस्रो पटक सूचना प्रकाशन गर्दा ठेक्का नलागेको हुदाँ पुनः तेस्रो पटक सूचना प्रकाशन गरि ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

| सि. नं. | घाटको विवरण | स्वीकृत IEE प्रतिवेदन बमोजिम उत्खनन् स्थलमा रहेको जम्मा परिमाण | स्वीकृत IEE प्रतिवेदन बमोजिम उत्खनन् गर्न सकिने अधिकतम् परिमाण | आ.ब. २०८०/८१ मा बिक्रीका लागि प्रस्तावित अधिकतम् परिमाण (घ. मी.) | आ.ब. २०८१/८२ मा बिक्रीका लागि प्रस्तावित अधिकतम् परिमाण (घ. मी.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | बालुवा घाट, भानु -१ | १४७३१.०० | ११०४८.०० | ११८८०.०० | ११८८०.०० | |
| २. | अँधेरी घाट, भानु -१ | ४१०१.०० | ३४८६.०० | ३४८६.०० | ३४८६.०० | |
| ३. | बुडुवा घाट, भानु -२ | ६३८९.०० | ५४३२.०० | ३८३३.०० | ३८३३.०० | |
| ४. | खहरे घाट, भानु -३ | ३४२२.०० | २७३८.०० | २०५३.०० | २०५३.०० | |
| ५. | जयबुद्द घाट, भानु -३ | १०३५०.०० | ९३१५.०० | ६२१०.०० | ६२१०.०० | |
| ६. | ढुकुर्दी घाट, भानु -३ | २८८६.०० | २५९८.०० | १७६२.०० | १७३२.०० | |
| ७. | बलीफाँट घाट, भानु -८ | २८९०.०० | २३१२.०० | २३१२.०० | २३१२.०० | |
| ८. | बेनीवगर घाट, भानु -८ | ५३२०.०० | ४२५६.०० | ४२५६.०० | २६६५.०० | |
| ९. | पाताल घाट, भानु ९ | १९६५.०० | १३७६.०० | ११७९.०० | ११७९.०० | |
| १०. | लखु ढुंगा घाट, भानु ९ र १० | १५७५.०० | १४१८.०० | ८५०.०० | ८५०.०० | |
| ११. | रयाले घाट, भानु १० | ३७२०.०० | ३३४८.०० | २२३२.०० | २२३२.०० | |

गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



आनन्द राज त्रिपाठी
प्रमुख

निर्णय नं.९ विविध विषयका सम्बन्धमाः

क) वडा नं. १ स्थित कृषि उपज संकलन केन्द्र भवनमा शसर्तबाट विनियोजित कोल्ड चेम्बर स्थापना शिर्षकको कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

ख) भानु नगरकार्यपालिका भित्र सञ्चालित खानेपानी आयोजनाको मर्मत संभार तथा नगरकार्यपालिकाको स्वीकृत खानेपानी तथा सरसफाई सम्बन्धी आयोजनाहरुका लागि प्राविधिक अभाव भई कठिनाई उत्पन्न भएको हुदाँ भानु नगरपालिका वडा नं. ५ निवासी काजीराम अधिकारी र शान्त विक्रम अधिकारीलाई खानेपानी सहायक टेक्निसियन पदमा असार मसान्त सम्मका लागि दैनिक ज्यालादारीमा नियुक्त गरि कामकाज लगाउने निर्णय गरियो ।

ग) भानु जन्मस्थल विकास समिति सञ्चालन, व्यवस्थापन र विकासका लागि विनियोजित रकमलाई उक्त समितिद्वारा देहाय बमोजिम गरिएको वाडफाड स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिलः

| आदिकवि भानुभक्त जन्मस्थल विकास समिति, चुँदी रम्घा (चालु खर्च रु.१२,८१,०००।) | | | |
|---|---|---|---|
| क्र.सं. | शीर्षक | रकम | कैफियत |
| १. | कर्मचारी तलब | १०,२९,०००। | |
| २. | महङ्गी भत्ता | १४,०००। | |
| ३. | पदाधिकारी बैठक भत्ता | ५१,०००। | |
| ४. | पानी तथा विजुली | ४०,०००। | |
| ५. | संचार महशुल | २०,०००। | |
| ६. | इन्धन | १५,०००। | |
| ७. | मर्मत | १५,०००। | |
| ८. | कार्यालय सम्बन्धी खर्च | ३७,०००। | |
| ९. | भ्रमण खर्च | २०,०००। | |
| | कार्यक्रम खर्च | ४०,०००। | |
| जम्मा | | १२,८१,०००। | |
| आदिकवि भानुभक्त जन्मस्थल विकास समिति, चुँदी रम्घा (पूँजीगत खर्च रु.७,१२,०००।) | | | |
| १. | फर्निचर तथा फिक्चर | ३,५०,०००। | |
| २. सार्वजनिक निर्माण तर्फ | | | |
| क | कार्यालय भवन रंगरोकन | १,५०,०००। | |
| ख | साहित्यकारहरुको चित्र लेखन | १,००,०००। | |
| ग | भानु स्मृती पार्क तथा शौचालय मर्मत | १,१२,०००। | |
| जम्मा | | ७,१२,०००। | |



भण्डारी
...क्षीय अधिकृत

...नन्द राज त्रिपाठी
प्रमुख

घ) The City of Euless, Texas, USA का Deputy Tika Poudel को मिति २०८१ माघ १ गते (14th January 2025) मा नेपाल सरकार परराष्ट्र मन्त्रालय सिंहदरबारलाई पठाइएको पत्रानुसार विश्वका विभिन्न मुलुकहरुका नगर प्रमुखहरुसँग अन्तरक्रिया, संस्कृति एवं विभिन्न विषयमा संवादको लागि सल्यान, तार्केश्वर, रत्ननगर, गोदावरीका प्रमुख एवं भानु नगरपालिकाका प्रमुख श्री आनन्द राज त्रिपाठी ज्यूलाई निमन्त्रणा गरिएकोमा संस्कृति, साहित्य र विविध विषय पहिचान बोकेको भानु नगरपालिकाको प्रतिनिधित्व गर्दै अन्तरक्रिया कार्यक्रमको लागि The City of Euless, Texas, USA मा नगर प्रमुख श्री आनन्द राज त्रिपाठीलाई भ्रमण स्वीकृती भ्रमण दायित्वको विषयमा सम्बन्धित निकाय, मन्त्रालय एवं सरोकारवाला संस्थाहरु सँग समन्वय गर्ने निर्णय गरियो ।

ङ) भानु नगरपालिका वडा नं.१ को ग्रिन पार्कमा रहेको एक वटा आँपको रुख र अन्य दुई वटा जिर्ण रुखद्वारा जुनसुकै समयमा पनि मानवीय क्षती हुन सक्ने भएको हुदाँ उक्त रुखहरु कटान गरी हटाउनका लागि डिभिजन वन कार्यालयसँग समन्वय तथा आवश्यक प्रकृया अविलम्ब अगाडी बढाउने निर्णय गरियो ।

च) भानु न.पा. वडा नं.१० निवासी पुष्कर पन्तलाई Asia-Pacific Forum on Sustainble Development, 2025 मा बैंकक, थाइल्याण्डमा १९ देखि २१ फरवरी २०२५ मा Bio-Guard Antimosquito Incense Sticks भन्ने परियोजना प्रस्तुत गर्ने अवसर सहितको आमन्त्रण भएको सन्दर्भमा निज पुष्कर पन्तको आवत/जावत तथा बसाई सहित लाग्ने खर्चहरुमा सहयोग पुर्याउने उद्देश्यले भानु नगरपालिकाको लोगो सहितको ब्यानर प्रदर्शन गर्ने गरी रु.२०,०००। (अक्षेरुपी बीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

छ) भानु नगरपालिका वडा नं २ स्थित श्री होमराज लोहनी शारदा शिक्षा सदन मावि नारेश्वरटारमा भारतीय राजदुतावासको आर्थिक सहयोगमा रु. ४,९८,१०,८०५।७९ लागतमा निर्माण हुने पक्की भवनका सन्दर्भमा उक्त दुतावासको विद्यालय भवन निर्माणको नीति र मापदण्ड बमोजिम परियोजनाको कूल लागतको १० प्रतिशत रकम स्थानीय सरकार अर्थात् भानु नगरपालिकाको तर्फबाट आर्थिक योगदान रहनुपर्ने प्रावधान सहितको उक्त दुतावासको च नं KAT/DPW/23/12/2024-25, मिति 28 January 2025 को पत्र यस नगरपालिकामा प्राप्त भएकोले विद्यालयको भौगोलिक अवस्थिति, स्थानीय आवश्यकता र नमूना विद्यालय निर्माणको संभावना समेतलाई मध्यनजर राखी भवन निर्माण आवश्यक देखिएकोले सो बमोजिमको रकम यस नगरपालिकाबाट व्यहोर्ने र उक्त आर्थिक योगदानको सुनिश्चितता हुने व्यहोराको पत्र नेपाल सरकार संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय तथा अर्थ मन्त्रालय/सम्बन्धित मन्त्रालय मार्फत् नेपाल स्थित भारतीय राजदुतावास काठमाडौंमा पठाउने निर्णय गरियो ।

गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

ज) समपुरक अनुदान सम्वन्धी कार्यविधि, २०८१ र विशेष अनुदान सम्बन्धी, २०८१ मा व्यवस्था भए बमोजिम प्रदेश सरकार र स्थानीय तहमा नेपाल सरकारबाट उपलब्ध हुने समपूरक अनुदान तथा विशेष अनुदान अन्तर्गत आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुने आयोजना वा कार्यक्रमहरुको लागि प्रस्ताव सहित विवरण तयार गरी तपसिल बमोजिमको आयोजनाहरु राष्ट्रिय योजना आयोगमा पठाउने निर्णय गरियो ।

तपसिल:

| संघीय समपुरक अनुदानका लागि छनौट गरिएका योजना आ.व.२०८२/०८३ का लागि | | | | |
|---|---|---|---|---|
| क.सं. | वडा | योजनाको नाम | समपुरक बजेट | कैफियत |
| १. | ४ | भानु जन्मस्थल मोटर मार्ग | २ करोड ५० लाख | क्रमागत |
| २. | ६ | अमरसिंह मोटर मार्ग | २ करोड ५० लाख | नयाँ |
| ३. | ३ | कविकेशरी तिर्थराज पाण्डे मोटर मार्ग | २ करोड ५० लाख | नयाँ |
| संघीय विशेष अनुदानका लागि छनौट गरिएका योजना आ.व.२०८२/०८३ का लागि | | | | |
| १. | १० | कालिमाटी नगरअस्पताल | ३ करोड | क्रमागत |
| २. | ५ | पुरनडिहि अस्पताल पहिरो नियन्त्रण | ५५ लाख | नयाँ |
| ३. | २ | बाहविसे खानेपानी डिप बोरिङ | ५९ लाख | नयाँ |

माथि उल्लेखित समपुरक अनुदान र विशेष अनुदान अन्तरगत क्रमागत रुपमा कार्यान्वयनमा रहेको दुई वटा आयोजनाहरु (भानु जन्मस्थल मोटर मार्ग र कालिमाटी नगरअस्पताल) आर्थिक वर्ष २०८२/०८३ मा सम्पन्न गरिसक्ने प्रतिवद्धता गर्ने समेत निर्णय गरियो ।

गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख